# गौरादह नगरपालिका
## पदपुर्ति समिति
## **सहायक स्तर चौथो तह र पांचौ तह (प्रशासन) खुला तथा समावेशी पदको प्रतियोगितात्मक लिखित परिक्षाको विज्ञापन**
## **सुचना नं. ०१/२०७३/७४**

गौरादह नगरपालिका कार्यालयको स्विकृत दरवन्दी संरचना अनुसार सहायक स्तर चौथो तह(प्रशासन) र पांचौ तह(प्रशासन) तर्फका देहाय बमोजिमको पद संख्याका लागि खुला र समावेशी प्रतियोगीतात्मक लिखित परिक्षाद्धारा पुर्ति गर्न निम्न बमोजिम योग्यता पुगेका उमेदवारहरुवाट दरखास्त आव्हान गरिन्छ ।

(क) सहायक स्तर चौथो तह

| क.सं. | विज्ञापन नं. | विज्ञापनको किषिम | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १०१/२०७३/७४ | खुला | २ (दुइ) | |
| २ | १०२/२०७३/७४ | महिला | १ (एक) | |
| ३ | १०३/२०७३/७४ | आदिवासी जनजाती | १ (एक) | |
| **जम्मा पद संख्या** | | | **४ (चार)** | |

(क) सहायक स्तर पांचौ तह

| क.सं. | विज्ञापन नं. | विज्ञापनको किषिम | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| | २०१/२०७३/७४ | खुला | १ (एक) | |
| | २०२/२०७३/७४ | महिला | १ (एक) | |
| **जम्मा पद संख्या** | | | **२ (दुई)** | |

**परिक्षाको किषिम :** लिखित, कम्प्युटर शिप परिक्षण र अन्तर्वार्ता

**परिक्षा केन्द्र :** गौरादह बहुमुखी क्याम्पस, गौरादह ।

**परिक्षा दस्तुर :** रु. ५००।००(पांचसय) र प्रत्येक थप समावेशी समुहका लागि रु. २५०।००(दुइसय पचास) थप गर्नु पर्नेछ ।

**उमेदवारको उमेर हद :** मिति २०७३/६/४ सम्ममा १८ बर्ष पुरा भै ३५ बर्ष ननाघेको ( तर महिला तथा अपांग उमेदवारको हकमा ४० बर्ष ननाघेको) हुनु पर्नेछ । (गौरादह नगरपालिका कार्यालयमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**दरखास्त दिने अवधि :** मिति २०७३/५/१५ देखी २०७३/६/४ सम्म ( दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) तथा दोव्वर दस्तुर तिरी मिति २०७३/६/११ सम्म ।

**दरखास्त फारम वुझाउने स्थान :** गौरादह नगरपालिका कार्यालय, गौरादह, झापा ।

**आवश्यक न्युनतम शैक्षिक योग्यता :**

**सहायक स्तर चौथो तहको लागि :** मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवेशिका परिक्षा वा सो सरह उत्तिर्ण ।

**सहायक स्तर पांचौ तहका लागि :** मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाण पत्र तह/ दस जोड दुई वा सो सरह उत्तिर्ण ।

**लिखित परिक्षा संचालन हुने मिति र समय** :

**सहायक स्तर चौथो तह :**

प्रथम पत्र : मिति २०७३/७/३ गते अपरान्ह २.०० वजे
दोश्रो पत्र : मिति २०७३/७/४ गते ११.०० वजे देखी १२.०० वजे सम्म
तेश्रो पत्र : मिति २०७३/७/४ गते अपरान्ह १.०० वजे देखी ३.३० सम्म

**सहायक स्तर पांचौ तह :**

प्रथम पत्र : मिति २०७३/७/५ गते अपरान्ह २.०० वजे
दोश्रो पत्र : मिति २०७३/७/६ गते ११.०० वजे देखी १२.०० वजे सम्म
तेश्रो पत्र : मिति २०७३/७/६ गते १.०० गते देखी ३.३० वजे सम्म

पाठ्यक्रम :

सहायक स्तर चौथो तह : प्रथम पत्र र तृतिय पत्रको पाठ्यक्रम र प्रश्नको अंकभार लोक सेवा आयोगद्धारा रा.प.अनं.द्धितिय श्रेणी खरिदार पदका लागि निर्धारित पाठ्यक्रमलाई कायम गरिएको छ । दोश्रो पत्रमा गणीतको पाठ्यक्रम र प्रश्नको भार तथा विज्ञान विषयको पाठ्यक्रम लोक सेवा आयोगद्धारा निर्धारण भए बमोजिम हुने र विज्ञान तर्फको अंकभार ३० (तीस) कायम गरि वांकी २०(वीस) नम्वरको हकमा स्थानीय निकायसंग सम्वन्धित देहायका विषयवाट प्रति प्रश्न २ नम्वरका दरले १० प्रश्नहरु सोधिने छ ।

(क) नेपालको संविधानमा भएका स्थानीय निकाय सम्वन्धि व्यवस्था र मौलिक हकहरु

(ख) स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मा भएको नगरपालिका सम्वन्धि व्यवस्था ।

सहायक स्तर पांचौ तह : प्रथम पत्र र दोश्रो पत्रको पाठ्यक्रम र प्रश्नको अंक भार लोक सेवा आयोगद्धारा रा.प.अनं.प्रथम श्रेणी ना.सु. पदका लागि निर्धारित पाठ्यक्रम कायम गरिएको छ । तृतिय पत्रको ऐच्छिक विषयको अंकभार ६०

प्रतिशत कायम गरि बांकी ४० प्रतिशत अंक भार का प्रश्नहरु देहायका विषयवाट सोधिने छ ।

(क) नेपालको संविधानमा व्यवस्था भएको राज्यका नीति, निर्देशक सिद्धान्त, मौलिक हक, स्थानीय निकाय सम्वन्धि व्यवस्था, स्थानीय तहको अधिकार सुची

(ख) स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६

(ग) भ्रष्टाचार निवारण ऐन, २०५९

(घ) सुशासन ऐन, २०६४

## समावेशी समूहतर्फ दरखास्त दिदा उमेदवारहरुसँग हुनुपर्ने थप कागजातहरु

समावेशी समूहतर्फका विज्ञापनहरुमा दरखास्त दिन चाहने उमेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनु पर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

## द्रष्टव्य

(क) दरखास्त दिने अन्तिम मिति सम्ममा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । बहालवाला स्थायी गौरादह नगरपालिकामा कार्यरत स्थानीय निकायका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ख) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१४ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(घ) पदपुर्ति समितिवाट तोकिएको म्यादभित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उमेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता तथा समावेशीतर्फ दरखास्त दिने उमेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) खुला र समावेशी प्रतियोगिता (किसिम/समूह) का आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिईने छ ।

(छ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उमेदवारहरुले सम्वन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(ज) परीक्षार्थीले परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।